Reg. No. 656/2065/66

FIAN Nepal
Food-first Information & Action Network
फियान नेपाल

११ भदौ, २०८३, काठमाडौं।

### भोटेकोसीमा आएको बाढीबाट प्रभावित नागरिकहरूको उद्धार, राहत र सम्मानजनक पूर्नस्थापनाका लागि

# हार्दिक अपिल

भदौ १० गते रसुवा, धादिङ र नुवाकोट लगायतका क्षेत्रमा आएको अविरल वर्षा, बाढी तथा पहिरोका कारण ठूलो जनधनको क्षति भएको छ । यस अकल्पनिय घटनामा ज्यान गुमाएका, बेपत्ता भएका, घाइते, विस्थापित तथा घरबारविहीन परिवारहरू अत्यन्त पीडादायी अवस्थाबाट गुज्रिरहेका छन् । यस्तो विषम परिस्थितिमा फियान नेपाल गहिरो दुःख व्यक्त गर्दै मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ । घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ । बाढी तथा पहिरोका कारण नागरिकको जीवन, घरबास, खेतीपाती, पशुधन, खाद्यान्न लगायत जीविकोपार्जनका आधारहरूमा गम्भीर क्षति पुगेको छ । यस संकटको घडीमा बिपद् व्यवस्थापन र प्रतिकार्यका लागि सरकारले देखाएको संबेदनशीलता र द्रुतगतिमा गरेका महत्वपूर्ण निर्णयको स्वागत गर्दछ ।

यस प्राकृतिक विपद्को समयमा प्रभावित नागरिकहरुलाई अत्यावश्यक सेवा सुविधाका साथै स्वास्थ्य उपचारको पहुँच पुग्न नसक्ने सुत्केरी, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुको लागि अतिरिक्त सेवा प्रदान गर्ने कार्यमा समेत विशेष ध्यान दिन सम्बन्धित सबैको ध्यानाकर्षण गर्दै यस अभियानमा सहकार्य गर्न विकास साझेदार, सामाजिक संघ संस्था, सामाजिक तथा नीजि क्षेत्र, राजनैतिक दल, सञ्चारकर्मि, मानव अधिकारकर्मि तथा आम नागरिकहरुमा हार्दिक अपील गर्दछ । फियान नेपाल सम्बन्धित सबै पक्षलाई निम्न कार्यका लागि हार्दिक अपिल गर्दछ ।

१. प्रभावित नागरिकको जीवन रक्षा पहिलो प्राथमिकता बनाइयोस् ।
२. बाढी–पहिरो प्रभावित परिवारलाई उपयुक्त खाद्यान्न तथा स्वच्छ खानेपानीको तत्काल व्यवस्था गरियोस् ।
३. प्रभावित क्षेत्रका घरबारविहीन परिवारको दीर्घकालीन खाद्य सुरक्षा तथा जीविकोपार्जन पुनस्थापनाका कार्यक्रम सञ्चालन गरियोस् र महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायलाई विशेष प्राथमिकता दिइयोस् ।
४. प्रभावित परिवारमा भएको क्षतिको वास्तविक मूल्याङ्कन गरी पुनस्थापनाको विशेष कार्यक्रम संचालन गरियोस ।
५. राहत, पुनस्थापना र पुनर्निर्माणका योजना निर्माण र कार्यान्वयन प्रक्रियामा प्रभावित नागरिकको अर्थपूर्ण रूपमा सहभागी सुनिश्चित गरियोस ।
६. जलवायु परिवर्तनका कारण हुने बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्को जोखिममा रहेका बस्तीको वैज्ञानिक जोखिम मूल्याङ्कन गरी भविष्यमा हुने क्षति न्यूनीकरणका लागि दीर्घकालीन योजना र पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाइयोस् ।

यस कठिन घडीमा **"विपदमा पीडित एक्लै छैनन्"** भन्ने भावना साथ सम्पूर्ण नागरिक, संघसंस्था, निजी क्षेत्र, विकास साझेदार, दातृ निकाय तथा मानवीय संस्थाहरूलाई आफ्नो क्षमता र स्रोतअनुसार बाढी–पहिरो प्रभावित नागरिकको उद्धार, राहत, खाद्य सुरक्षा तथा पुनर्स्थापनामा सहयोग गर्न फियान नेपाल हार्दिक आह्वान गर्दछ ।

राम बहादुर पुन
अध्यक्ष
फियान नेपाल, काठमाण्डौ

Kathmandu, Nepal
Phone no. : +977-1-4781654, 4783965 | Fax no. : +977-1-4782223
POBox : 11363 | email : info@fiannepal.org | web: http://www.fiannepal.org